**मर्स्याङ्दी गाउँपालिकाको ६९ औं बैठकको निर्णयहरु :**

१. स्वास्थ्य तथा जनसँख्या मन्त्रालयको नीति तथा योजनाशाखाको च.नं. १२६ मिति २०७७०५।२३ को परिपत्र एवं स्थानिय तहमा कोभिड-१९ अस्थायी अस्पताल सचालनमार्ग दर्शन २०७७ अनुसार मर्स्याङ्दी गाउँपालिकाको वडा नं ७ मा रहको भुलभुले स्वास्थ्य चौकीमा कोभिड-१९ अस्थायी अस्पताल सञ्चालन गर्ने निर्णय गरियो ।

२. मर्स्याङदी गाउँपालिका भित्र बाट बहने प्राकृतिक सम्पदाको रुपमा रहेका नदीहरुको बिभिन्न घाटहरुबाट ढुङ्गा, बालुवा निकाल्नको लगि IEE प्रतिवेदन आवस्यक पर्ने भएकाले प्रारभिक IEE प्रतिवेदन गराउने निर्णय गरियो ।

३. लमजुङ जिल्ला मर्स्याङ्दी गाउँपालिका वडा नं ६ मा जन्मनु भएका राष्ट्रका धरोहर, स्वच्न्दता बादी भावधार र परिस्कृतबादि शैलीका राष्ट्रकवि माधव प्रसाद घिमिरेको सम्मानमा बेसिशहर चामे सडकलाई राष्ट्रकवि माधव प्रसाद घिमिरे मार्ग नामाकरण गर्नको लागि आवश्यक समन्वय र परामर्श गर्दै सम्बन्धित निकायहरुमा आवस्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

४. मर्स्याङ्दी गाउँपालिका वडा नं ६ बाहुनडाँडामा रहेको पानी नुन खानी आयुर्वेद औषधालयको सेवालाई थप प्रभावकारी गर्नका लागि मर्स्याङदी गाउँपालिका वडा नं ३ खुदीमा शाखा कार्यालय स्थापना गरि सेवा सन्चालन गर्ने निर्णय गरियो ।

५. मर्स्याङ्दी गाउँपालिकका भित्रका सवै वडा समिती बाट सिफारिस भई आएका निम्न झोलुङ्गे पुलहरुलाई भौतिक पुर्वाधार विकास मन्त्रालय गण्डकी प्रदेश सरकार समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

| क्र. सं. | वडा नं. | झोलुङ्गे पुलको नाम | कैफियत |
|---|---|---|---|
| १ | मर्स्याङ्दी - १ | साप्लेखोला झोलुङ्गे पुल | |
| २ | मर्स्याङ्दी - १ | फन्क्यु खोला झोलुङ्गे पुल | |
| ३ | मर्स्याङ्दी - २ | खुदी खोला केक्याम झोलुङ्गे पुल | |
| ४ | मर्स्याङ्दी - २ | माथील्लो ख्युरी खोला झोलुङ्गे पुल | |
| ५ | मर्स्याङ्दी - ३ | मर्स्याङ्दी नदी बुद्धबजार झोलुङ्गे पुल | |
| ६ | मर्स्याङ्दी - ३ | मर्स्याङ्दी नदी तातोपानी कुण्ड झोलुङ्गे पुल | |
| ७ | मर्स्याङ्दी - ४ | कोरेखोला झोलुङ्गे पुल | |
| ८ | मर्स्याङ्दी - ५ | राधीखोला झोलुङ्गे पुल | |
| ९ | मर्स्याङ्दी - ५ | साब्रो खोला झोलुङ्गे पुल | |
| १० | मर्स्याङ्दी - ७ | सिस्नेरी खोला झोलुङ्गे पुल | |
| ११ | मर्स्याङ्दी - ७ | साँधे खोला झोलुङ्गे पुल | |
| १२ | मर्स्याङ्दी - ८ | सानोतरा मानेस्वारा झोलुङ्गे पुल | |
| १३ | मर्स्याङ्दी - ९ | रोप्लेखोला झोलुङ्गे पुल | |

६.सडक यातायात बिकासको मेरुदण्ड हो । मर्स्याङ्दी गाउँपालिकाको बिकासको आधार स्तम्भको रुपमा रहेक डदी-बाहुनडाँडा-घेर्मु सडक निर्माण तथा स्तर उन्नती, खुदी-रोप्लेफाँट-घनपोखरा सडक स्तर उन्नती खुदी-सिउरुङ-स्यागे सडक निर्माण तथा स्तर उन्नती सडकहरुको बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

७. समपुरक कोष बाट गाउँपालिकाले झोलुङ्गे पुलको लागि व्यहोर्ने रकम रु ५,१०,०००।- भुक्तानी गर्ने निर्णय गरियो ।

८) आ. व. २०७७/७८ का लागि विनियोजित विविध कार्यक्रम खर्चको असक्त असहाय विपन्न सहायाता कोषवाट निम्नाअनुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र. स. | नाम थर | ठेगना | रकम रु | कारण | कै. |
|---|---|---|---|---|---|
| १ | डुली राम गुरुङ | मर्स्याङ्दी - १ | १५००० | क्यान्सर रोग | आर्थीक सहयोग |
| २ | मन प्रसाद गुरुङ | मर्स्याङ्दी - २ | १५००० | क्यान्सर रोग | आर्थीक सहयोग |
| ३ | हर्क बहादुर थापा | मर्स्याङ्दी - ३ | १०००० | विपन्न औषधी उपचार | आर्थीक सहयोग |
| ४ | शिर कौरी कामी | मर्स्याङ्दी - ५ | २०००० | मेरुदन्डको समस्या | आर्थीक सहयोग |
| ५ | भोटु माया कामी | मर्स्याङ्दी - ५ | १०००० | मुटु रोगी | आर्थीक सहयोग |
| ६ | आइत माया बि.क. | मर्स्याङ्दी - ५ | १५००० | मृगौलाको समस्या | आर्थीक सहयोग |
| ७ | असरी थापा | मर्स्याङ्दी - ६ | १०००० | विपन्न औषधी उपचार | आर्थीक सहयोग |
| ८ | भरत बहादुर घिमिरे | मर्स्याङ्दी - ६ | १०००० | विपन्न औषधी उपचार | आर्थीक सहयोग |
| ९ | बुद्धि कुमारी कामी | मर्स्याङ्दी - ७ | १०००० | विपन्न औषधी उपचार | आर्थीक सहयोग |
| १० | बिजय परियार | मर्स्याङ्दी - ७ | २०००० | विपन्न औषधी उपचार | आर्थीक सहयोग |
| ११ | आयुश्मा परियार | मर्स्याङ्दी - ८ | ५००० | आन्द्रामा समस्या | आर्थीक सहयोग |

९. आ.व. २०७७।०७८ मा मर्स्याङदी गाउँपालिका अन्तर्गत रहेका सिम्पानी खानेपानी योजना, भुस्मे रिङ्टाङ, भुलभुले खानेपानी योजना र शहिद स्मृती पार्कको डिपिआर गर्ने निर्णय गरियो ।

१० ) मर्स्याङ्दी गाउँपलिका वडा नं. ८ मा रहेको पञ्चविचार प्रा. वि.को भान्छा कोठा निमार्णको लागि प्राविधिक लागत अनुमान बमोजिम विपत व्यवस्थापन कोषबाट रकम विनियोजन गरी कार्य गर्ने निर्णय गरियो ।

११)आ.व. २०७७/७८ मा यस मर्स्याङ्दी गाउँपालिकामा उपभोक्ता समितिमार्फत सञ्चालन हुने योजनाहरुको लागि सञ्चालन गर्न भनिएको उपभोक्ता समतिको तालिम केभिड –१९ को कारणले हाललाई स्थगित गर्ने र आवश्यकता अनुसार उपर्युक्त समयमा सञ्चालनन गर्ने निर्णय गरियो ।

१२) कोभिड – १९ एंवम् नेपालीहरुको चाडपर्व नजिकै आउदै गर्दा बजारमा हुन सक्ने एकाधिकार , कालोवजारी , कृतिम अभाव लाई मध्यनजर गदै वजार अनुगमनलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

१३) स्वास्थ्य तथा जनसँख्या मन्त्रालयको नीति तथा योजना शाखाको च.नं. १२६ मिति २०७७।०५।२३ को परिपत्र एवं स्थानियतहमा कोभिड-१९ अस्थायी अस्पताल संचालनमार्ग दर्शन २०७७ अनुसार मर्स्याङ्दी गाउँपालिकाको वडा नं ७ मा कोभिड-१९ अस्थायी अस्पताल सञ्चालन गर्नको लागि मेडिकल अफिसर (१ जना) र स्टाफ नर्स (२ जना) कर्मचारी करारमा राख्नको लागि सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

१४) पालिकाको वार्षिक कार्यक्रम अन्तर्गत कर्मचारीको तालिमखर्चबाट व्यवस्थापन हुने गरि मिति २०७७ असोज २ गते कर्मचारीहरुको लागी सकरात्मक सोच र न्यायसम्बन्धी १ दिने अभिमुखीकरण तालिम कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

१५) प्रधानमन्त्री रोजगार कार्यक्रमको युवा रुपान्तरण पहल आयोजना अन्तर्गत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरेको गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया बमोजिम प्राविधिक सहायक पाँचौ स्तरमा छनौट हुनु भएका श्री अशोक घिमिरेको मिति २०७७ भदौ १८ मा भएको नियुक्ती प्रक्रिया अनुमोदन गर्ने निर्णय गरियो ।

१६) आ. व. २०७७/७८ का लागि विनियोजित विविध कार्यक्रम खर्चको विपत व्यवस्थापन कोषबाट निम्नाअनुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

| क्र.स. | नाम थर | ठेगना | रकम रु | कारण | कै. |
|---|---|---|---|---|---|
| १ | अन्नपूर्ण प्रा.वि. | मर्स्याङ्दी - १ | ३०००० | खानेपानी समस्या | विपद |
| २ | क्षेत्र बहादुर थापा | मर्स्याङ्दी - ३ | २०००० | बाढीले बाटो बगाएको | विपद |
| ३ | विश्क एग्रिकल्चर कुखुरा फर्म | मर्स्याङ्दी - ६ | ३०००० | बाडीले क्षति पुऱ्याएको | विपद |
| ४ | नन्दराज तामाङ | मर्स्याङ्दी - ८ | १०००० | घर पहिरोले क्षति पुऱ्याएको | विपद |
| ५ | सुककाजी कतिला | मर्स्याङ्दी - ८ | १०००० | घर पहिरोले क्षति पुऱ्याएको | विपद |
| ६ | आईती माया तामाङ | मर्स्याङ्दी - ८ | १५००० | घर पहिरोले क्षति पुऱ्याएको | विपद |

१७) तपशिल बमोजिम रकममान्तर गर्ने निर्णय गरियो ।

| क्र.स. | विनियोजन भएको शीर्षक | विनियोजित रकम | रकमान्तर भएको शीर्षक | रकमान्तर रकम |
|---|---|---|---|---|
| १ | समपुरक कोष | १,००,००,०००। | पुजिगत अनुसन्धान र परामर्श | १०,००,०००। |
| २ | समपुरक कोष | १,००,००,०००। | १ फर्निचर तथा फिर्स्चस | २,००,०००। |
| ३ | समपुरक कोष | १०००००००। | इलेक्ट्रानिक्स | ३०००००। |